# स्थानीय राजपत्र

रत्ननगर नगरपालिकाद्वारा प्रकाशित

खण्ड ६ संख्या ३ मिति :२०७९।०७।२७


कविलाल सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

## भाग – २

# बिपन्न नागरिक आकस्मिक उपचार कोष कार्यविधि, २०७९


नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७९।०७।०६

प्रमाणिकरण मिति : २०७९।०७।०६

राजपत्रमा प्रकाशन मिति :२०७९।०७।२७


रत्ननगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रत्ननगर ,चितवन

बागमती प्रदेश ,नेपाल

छविलाल सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

# बिपन्न नागरिक आकस्मिक उपचार कोष कार्यविधि, २०७९

प्रस्तावना:

रत्ननगर नगरपालिका भित्र स्थाई बसोबास गर्ने विपन्न,बेसहारा,असक्त नागरिक हरु का लागि आकस्मिक बिरामी तथा दुर्घटना भै उपचार गर्न नसक्ने अवस्थामा भएकाहरु लाइ आकस्मिक उपचार गरि आर्थिक अभाब को कारण जिबन गुमाउन नपरोस भन्ने उदेश्य ले स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३, गाउँ तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको दफा -११ को उपदफा -४ खण्ड ख ले दिएको क्षेत्राधिकारमा रही कार्यक्रम संचालन गर्न वाञ्छनीय भएकोले रत्ननगर नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम" **बिपन्न नागरिक आकस्मिक उपचार कोष** कार्यविधि, २०७९ " रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट पारित भए पश्चात प्रारम्भ हुनेछ ।

२. परिभाषा:विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यविधि" बिपन्न नागरिक आकस्मिक उपचार कोष कार्यविधि, २०७९सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले रत्ननगर नगरपालिकालाई सम्झनु पर्छ ।

(ग) "अस्पताल" भन्नाले रत्ननगर नगरपालिका अन्तर्गत रहेको बकुलहर रत्ननगर अस्पताल लाई सम्झनु पर्छ

(घ) "लक्षित वर्ग " भन्नाले रत्ननगर नगरपालिकामा स्थाई बसोबास गरेका अति विपन्न, असक्त, बेसहारा समुदाय सम्झनु पर्छ ।

(ङ) "वडा कार्यालय" भन्नाले रत्ननगर नगरपालिका अन्तर्गत रहेका १ देखि १६ नम्बर वडा कार्यालय सम्झनु पर्छ ।

(च) " आकस्मिक बिभाग " भन्नाले बकुलहर रत्ननगर अस्पतालको इमर्जेन्सी बिभाग सम्झनु पर्छ ।

(झ) "शाखा "भन्नाले रत्ननगर नगरपालिका अन्तर्गतको स्वास्थ्य सम्बन्धी विषय हेर्ने शाखा सम्झनु पर्छ ।

(झ) " सहायता कक्ष "भन्नाले रत्ननगर नगरपालिका स्वास्थ्य शाखा को निगरानीमा अस्पतालको आकस्मिक बिभागमा रहने सहायता कक्ष सम्झनु पर्छ ।

रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय रत्ननगर, चितवन बागमती प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

## कार्यक्रम संचालन प्रकृया

(१) आकस्मिक बिरामी तथा दुर्घटना भै उपचार गर्न नसक्ने अवस्थामा रहेका नागरिक हरुलाइ आकस्मिक उपचार गर्न बकुलहर रत्ननगर अस्पतालमा कोष स्थापनागरि औषधि उपचार बापतको रकम नगरपालिकाले अस्पताललाइ पेस्की दिई चौमासिक शोध भर्ना गरिनेछ ।

(२) सेबा प्राप्त गर्न रत्ननगर नगरपालिकामा स्थाई बसोबास गर्ने लक्षित समूह भित्र (बिपन्न,बेसहारा,असक्त) व्यक्ति पर्ने र बिपन्न सिफारिसका लागि वडा कार्यालयमा अनुसुची १ बमोजिम निवेदन दिनु पर्नेछ र वडा कार्यालयले अनुसुची २ बमोजिम गरेको सिफारिसको आधारमा नगरपालिकावाट अनुसुची ३ बमोजिमको सिफारिस लिई अस्पतालको आकस्मिक बिभागमा पेश गर्नुपर्ने छ ।

(३) अस्पतालको आकस्मिक कक्षमा चिकित्सकको सिफारिसमा गरिने परीक्षण र औषधिको शुल्क बढीमा प्रति व्यक्ति १००००(दस हजार) सम्म सो कोष बाट ब्यहोर्ने छ र सो रकम भन्दा बढी रकम स्वीकृतिको लागि नगर कार्यपालिका को निर्णय अनुसार व्यवस्था हुनेछ ।

(४) यो सेबा प्राप्त गर्न आकस्मिक बिरामी भै आकस्मिक कक्षमा भर्ना भएको हुनु पर्नेछ सामान्य बिरामी जाच(ओ पी डी) को लागि यो सुबिधा उपलब्ध हुने छैन ।

(५) बकुलहर रत्ननगर अस्पतालमा उपचार हुन नसक्ने बिरामीहरु लाई चिकित्सक ले रेफर गरेमा भरतपुर सरकारी अस्पताल सम्म का लागि मात्र एम्बुलेन्स को रकम सो कोष वाट ब्यहोर्ने छ ।

(६) बकुलहर रत्ननगर अस्पतालको फार्मेसीमा उपलब्ध नभएको अत्यन्त जरुरी औषधि मात्र चिकित्सकको प्रेसक्रिप्सन बमोजिम नगरपालिकाको स्वीकृत प्राप्त फार्मेसी बाट खरिद गर्नुपर्ने छ ।



CamScanner

(७)नगरपालिका बाट निशुल्क स्वास्थ्य बिमा गराएकाको हकमा बिमाले नसमेटिएको र बिमा को रकम सकिएको अवस्थामा मात्र यो सुबिधा पाउने छ ।

(८)घरबार तथा परिवारबिहिनहरुको हकमा अस्पताल को सिफारिसमा नगरपालिकाको निर्णय बमोजिम लागु हुनेछ।

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

## संशोधन र खारेजी सम्बन्धी व्यवस्था

(१) यस कार्यविधि कार्यन्वयनमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले निर्णय गरि फुकाउन सक्नेछ ।

(२) यस कार्यविधि लाई आवस्यकता अनुसार नगर कार्यपालिकाले निर्णय गरि परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

छविलाल ...
प्रमुख प्रशासकीय अधिकृत

अनुसुची १

<u>वडा कार्यालयमा सिफारीस लिन बिरामी वा आफन्तले दिने निवेदन ढांचा</u>

मिति :

श्रीमान् वडा अध्यक्षज्यू,
रत्ननगर नगरपालिका वडा नं ...... को कार्यालय।
रत्ननगर, चितवन

विषय : निशुल्क उपचारका लागि सिफारिस सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा , रत्ननगर नगरपालिका वडा नं. .........., चितवन निवासी म/मेरो .................................... वर्ष .............. को पुरुष/महिला बकुलहर रत्ननगर अस्पतालमा आकस्मिक उपचार गराउनका लागि मेरो आर्थिक अवस्था कमजोर रहेकोले निशुल्क औषधि उपचार गराईदिनु हुनका आबस्यक कागजात सहित निवेदन पेश गर्दछु ।

संलग्न कागजातहरु :

१. नेपाली नागरिकताको प्रतिलिपि(नगरपालिका बाहिरको नागरिकता भएयाकाहरुको हकमा बसाईसराई को प्रतिलिपी)
२. बिरामी पुर्जा को प्रतिलिपि

निवेदक
नाम:
ठेगाना :
हस्ताक्षर:
आफन्त भए नाता:

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल
स्था : २०७३

## नगरपालिकाले दिने सिफारीसको ढाँचा

मिति :

श्रीमान प्रमुख ज्यु
बकुलहर, रत्ननगर अस्पाताल रत्ननगर, चितवन ।

छविलाल सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

विषय : सिफारिस गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा रत्ननगर नगरपालिका वडा नं. .........., चितवन स्थाई निवासी ...................................... वर्ष .............. को पुरुष/महिला आकस्मिक उपचार लागि त्यस अस्पतालमा उपचार गराउनका लागि निज बिपन्न/बेसहारा /असक्त भै आर्थिक अवस्था अत्यन्त कमजोर रहेकोले निशुल्क औषधि उपचार लागि वडा बाट सिफारिस भई आएकोले निज लाई निशुल्क उपचार का लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

....................................
नगर प्रमुख

आज्ञाले
छविलाल सुवेदी
प्रमुख प्रशासकीय अधिकृत